# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २३ अप्रेल २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यमा विधानसभा चुनाउ 2026 को पहिलो चरणमा आज 16 जिल्लाका 1 सय 52 विधान सभा सिटमा मतदान सम्पन्न भएको छ।
- राज्यमा विधानसभा चुनावको दोस्रो चरणको लागि प्रचार तिव्र गतिमा चलिरहेको छ।
- निर्वाचन प्रक्रिया अवलोकन गर्न आइपुगेका अन्तरराष्ट्रिय प्रतिनिधिमण्डलले दार्जिलिङ जिल्लाका विभिन्न मतदान केन्द्रहरूको भ्रमण गरी मतदान व्यवस्थाको निरीक्षण गरेको छ।
- प्रधानमंत्री नरेन्द्र मोदीले आगामी 26 अप्रैलको दिन आकाशवाणी को 'मन की बात' कार्यक्रममा देश अनि विदेशका मानिसहरुसित आफ्नो विचारहरु साझा गर्नुहुनेछ।

**प्रतिनिधिमण्डल निरीक्षण**

राज्यमा विधानसभा चुनाउ 2026 को पहिलो चरणमा आज 16 जिल्लाका 1 सय 52 सिटमा मतदान भएको छ। यसैबीच, निर्वाचन प्रक्रिया अवलोकन गर्न आइपुगेका अन्तरराष्ट्रिय प्रतिनिधिमण्डलले दार्जिलिङ जिल्लाका विभिन्न मतदान केन्द्रहरूको भ्रमण गरी मतदान व्यवस्थाको निरीक्षण गरेको छ। निर्वाचन आयोगका अधिकारीहरूसँगै प्रतिनिधिमण्डलले सिलगढी र माटिगढा क्षेत्रका केही मतदान केन्द्रहरूको भ्रमण गरेको छ। आयोगले जानकारी दिए अनुसार, प्रतिनिधिहरूले मतदान केन्द्रहरुमा सुव्यवस्थित व्यवस्थापन र उत्सवको वातावरणको प्रशंसा गरेको छ। प्रतिनिधिमण्डलले मतदान केन्द्रमा वेबकास्टिङ व्यवस्था, अपाङ्ग मतदाताका लागि व्हीलचेयर, पिउने पानी, बस्ने व्यवस्था र ज्येष्ठ नागरिकका लागि विशेष व्यवस्थाको पनि प्रशंसा गरेको छ। आयोगले यी व्यवस्थाहरुलाई न्यूनतम आवश्यक सुविधाका रूपमा सुनिश्चित गरिएको बताएको छ। निर्वाचन आयोगको अन्तरराष्ट्रिय निर्वाचन आगन्तुक कार्यक्रम 2026 को एक हिस्साका रूपमा 13 सदस्यीय प्रतिनिधिमण्डल पश्चिम बङ्गाल आइपुगेको छ। यसमा नामिबिया, जर्जिया, नेपाल, फिलिपिन्स, स्विट्जरल्यान्ड, केन्या र अन्तरराष्ट्रिय लोकतान्त्रिक संस्थाहरूका प्रतिनिधिहरू सामेल छन्। आयोग अनुसार, यस कार्यक्रमको उद्देश्य भारतको उत्कृष्ट निर्वाचन प्रणाली प्रदर्शन गर्नु र विश्वभरीका निर्वाचन व्यवस्थापन संस्थाहरूसँगको सहकार्य बढाउनु हो।

**संशो पश्चिम बंगाल - प्रधानमंत्री**

राज्यमा विधानसभा चुनावको दोस्रो चरणको लागि प्रचार तिव्र गतिमा चलिरहेको छ। भाजपाका वरिष्ठ नेता अनि प्रधानमंत्री नरेंद्र मोदीले कृष्णानगरमा एउटा रैलीलाई सम्बोधन गर्नुहुँदै राज्यमा राजनैतिक परिवर्तन अपरिहार्य रहेको बताउनुभयो। उहाँले निर्वाचन आयोगको सराहना गर्नुहुँदै विगत पचास वर्षमा चुनावी हिंसाका घटनाहरु सबैभन्दा कम्ती भएको बताउनुभयो। श्री मोदीले राज्यमा तृणमूल सरकारले अवैध घुसपैठीहरुलाई प्रोत्साहित गरिरहेको अनि  जाली दस्तावेज प्रदान गराएर उनीहरुलाई राज्यमा बस्नमा सहायता गरिरहेको आरोप लगाउनुभयो। श्री मोदीले प्रथम चरणमा रेकॅार्ड मतदान भएको उल्लेख गर्नुहुँदै संसदमा आरक्षण विधेयकलाई रोक्नकालागि तृणमूल कांग्रेसको आलोचना पनि गर्नुभयो। श्री मोदीले टीएमसीले घुसपैठीहरुको समर्थन गरेको अनि उनीहरुको हितलाई बढ़ावा दिनमा विश्वास राखेको दावी गर्नुभयो। प्रधान मंत्रीले आफ्नो सरकारले 'सबका साथ, सबका विकास' को विजन लिएर अघि बढ़िरहेको बताउनुभयो। प्रधानमंत्रीले भन्नुभयो राज्यमा भाजपा सरकार बने पछि सीएए अन्तर्गत नागरिकता प्रदान गर्ने प्रक्रियामा तिव्रता आउनेछ। शांतिपूर्ण मतदान सुनिश्चित गर्न निर्वाचन आयोगको एक महत्वपूर्ण उपलब्धी रहेको श्री मोदीले बताउनुभयो।

**अशान्त मतदान**

पश्चिम बंगाल विधानसभाको पहिलो चरणको मतदानको क्रममा आज विभिन्न जिल्लाबाट हिंसा, झड़प, तोडफोड, हमला, मतदान केन्द्रहरूमा तनाउ तथा ईभीएम मेसिनमा खराबी भएका घटनाहरू सार्वजनिक भएको छ। राज्यका १६ जिल्लाका १५२ सिटमा बिहान ७ बजीदेखि मतदान शुरु भए पनि धेरै संवेदनशील क्षेत्रमा शुरुदेखि नै तनाउपूर्ण वातावरण देखिएको बताइएको छ। विपक्षी दलहरुले निष्पक्ष मतदान माथि प्रश्न खड़ा गरेका छन्, जबकि सत्तारूढ़ दलले आरोपहरुलाई राजनैतिक बताएका छन्। सबैभन्दा गम्भीर घटना दक्षिण दिनाजपुर जिलाको कुमारगंज विधानसभा क्षेत्रबाट आएको छ, जहाँ भारतीय जनता पार्टी (भाजपा) का प्रत्याशी शुभेंदु सरकारले तृणमूल कांग्रेस कार्यकर्ताहरुले उनीमाथि हमला गरी मारपीट गरेको आरोप लगाएका छन्। बीरभूम जिल्लाको लाभपुर विधानसभा क्षेत्रमा देखिएको छ, जहाँ भ्रामरकोल क्षेत्रमा भारतीय जनता पार्टी (भाजपा) का पोलिङ एजेन्टमाथि तृणमूल कंग्रेसका कार्यकर्ताले हमला गरेको आरोप लागेको छ। मुर्शिदाबाद जिल्लाको नाओदामा बिहानदेखि नै पटक-पटक तनाउको स्थिति सिर्जना भएको थियो। कूचबिहार जिल्लाको

माथाभांगाबाट पनि तनाउको खबर आएको छ। मुर्शिदाबादको जालंगी विधानसभा क्षेत्र अन्तर्गत महिषमारीको १०१ नम्बर बूथमा मतदान मेसिनमा खराबी आएको गुनासो गरिएको छ। मेसिन बिग्रिएपछि लामो समयसम्म मतदान प्रभावित भएको थियो, जसका कारण मतदाताहरूको लामो ताँती लागेको थियो र मानिसहरूमा असन्तोष देखिएको थियो। पछि प्राविधिक टोली बोलाएर मेसिन मर्मत गरिएको थियो। यसै बीच सिलगढीको २३५ नम्बर बूथमा एक युवतीले आफु मतदान गर्न पुग्दा, आफ्नो मतको प्रयोग भइसकेको पाएको आरोप पनि लगाएका छन्। घटनापछि प्राथमिकी दर्ता गरिएको छ।

## प्रतिनिधिमण्डल निरीक्षण

राज्यमा विधानसभा चुनाउ 2026 को पहिलो चरणमा आज 16 जिल्लाका 1 सय 52 सिटमा मतदान भएको छ। यसैबीच, निर्वाचन प्रक्रिया अवलोकन गर्न आइपुगेका अन्तरराष्ट्रिय प्रतिनिधिमण्डलले दार्जिलिङ जिल्लाका विभिन्न मतदान केन्द्रहरूको भ्रमण गरी मतदान व्यवस्थाको निरीक्षण गरेको छ। निर्वाचन आयोगका अधिकारीहरूसँगै प्रतिनिधिमण्डलले सिलगढी र माटिगढा क्षेत्रका केही मतदान केन्द्रहरूको भ्रमण गरेको छ। आयोगले जानकारी दिए अनुसार, प्रतिनिधिहरूले मतदान केन्द्रहरुमा सुव्यवस्थित व्यवस्थापन र उत्सवको वातावरणको प्रशंसा गरेको छ। प्रतिनिधिमण्डलले मतदान केन्द्रमा वेबकास्टिङ व्यवस्था, अपाङ्ग मतदाताका लागि व्हीलचेयर, पिउने पानी, बस्ने व्यवस्था र ज्येष्ठ नागरिकका लागि विशेष व्यवस्थाको पनि प्रशंसा गरेको छ। आयोगले यी व्यवस्थाहरुलाई न्यूनतम आवश्यक सुविधाका रूपमा सुनिश्चित गरिएको बताएको छ। निर्वाचन आयोगको अन्तरराष्ट्रिय निर्वाचन आगन्तुक कार्यक्रम 2026 को एक हिस्साका रूपमा 13 सदस्यीय प्रतिनिधिमण्डल पश्चिम बङ्गाल आइपुगेको छ। यसमा नामिबिया, जर्जिया, नेपाल, फिलिपिन्स, स्विट्जरल्यान्ड, केन्या र अन्तरराष्ट्रिय लोकतान्त्रिक संस्थाहरूका प्रतिनिधिहरू सामेल छन्। आयोग अनुसार, यस कार्यक्रमको उद्देश्य भारतको उत्कृष्ट निर्वाचन प्रणाली प्रदर्शन गर्नु र विश्वभरीका निर्वाचन व्यवस्थापन संस्थाहरूसँगको सहकार्य बढाउनु हो।

## हर्षवर्धन श्रृंगला

भारतको पूर्व विदेश सचिव साथै वर्तमान राज्यसभा सांसद हर्षबर्ध्दन श्रृंखलाले दार्जिलिङ विधानसभा समष्टि अन्तर्गत दार्जिलिङ जिल्ला पुस्तकालयमा रहेको बुथमा भोट हालेका छन्। आफ्नो मताधिकार प्रयोग गरेपछि राज्यसभा सांसद हर्षबर्ध्दन श्रृंखलाले मानिसहरुसित लोकतन्त्रको सबैभन्दा ठूलो आफ्नो जिम्मेवारी सम्झेर मतदान गर्ने अनुरोध गरेका छन्। उहाँले यसपालीको भोट सबैले आफ्नो सबैभन्दा ठूलो जिम्मेवारी सम्झेर विकासको लागि, उन्नतिको लागि र आफ्नो सुरक्षाको लागि भोट गर्ने अपिल गरेका छन्। श्री श्रृंगलाले यसपालीको मतदानले बंगालमा पनि परिवर्तन ल्याएको होस् भनी बताएका छन्।

## अनित

खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा रहेको बुथमा आफ्नो मताधिकार प्रयोग गरेपछि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष अनित थापाले पत्रकारहरुलाई सम्बोधन गर्दै पहाड़मा सबैले आफ्नो मत अधिकार सही रूपमा तथा शान्तिपूर्ण ढंगमा प्रयोग गरेकोमा सबै मानिसहरु साथै अन्य पार्टीहरुलाई पनि धन्यवाद दिएका छन्। यसको साथै उहाँले आफ्नो पार्टी प्रजातांत्रिक मोर्चाले पहाड़का तिनैवटा सिटमा जित प्राप्त गर्ने तथा राज्यमा पुनः ममता ब्यानर्जी अनि तृणमूल कंग्रेसको विजय हुने विश्वास व्यक्त गरेका छन्।

## राजू विष्ट

दार्जिलिङका लोकसभा सांसद राजु बिष्टले आज आफ्नो क्षेत्रका विभिन्न स्थानहरूको भ्रमण गर्दै भाजपा गठबन्धनका कार्यकर्ताहरूसँग भेटघाट तथा अन्तरक्रिया गर्नुभएको छ। उहाँले सुकना वन, सिमलबारी दोकान लाइन, गड़ीधुरा सामुदायिक हल तथा सुकनास्थित इल्लापाल चौधरी आदिवासी विद्यालयको निरीक्षण गर्नुभएको जनाइएको छ। सांसद बिष्टले बुथस्तरमा खटिएका कार्यकर्ताहरूले समर्पित रूपमा जनताको सेवा गरिरहेको बताउँदै उनीहरूको प्रशंसा गर्नुभएको छ।

## प्रधानमंत्री - मन की बात

प्रधानमंत्री नरेन्द्र मोदीले आगामी आइतवार 26 अप्रैलको दिन बिहान 11 बजे आकाशवाणी को 'मन की बात' कार्यक्रममा देश अनि विदेशका मानिसहरुसित आफ्नो विचारहरु साझा गर्नुहुनेछ। यो मन की बात कार्यक्रम को 1 सय 33 औ प्रकरण हुनेछ। यसको प्रसारण आकाशवाणी अनि दूरदर्शन का सम्पूर्ण नेटवर्क, एआईआर न्यूज़ वेबसाइट अनि न्यूज़ऑनएयर मोबाइल ऐपमा गरिनेछ। एआईआर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालय का यूट्यूब चैनलहरुमा पनि यसको सिधा प्रसारण हुनेछ। हिंदी प्रसारणको तुरून्तै पछि क्षेत्रीय भाषाहरुमा पनि यसको प्रसारण गरिनेछ।

## बन्दना राई

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका खरसाङका उम्मेदवार बन्दना राईले दार्जीलिङ्गका सांसद राजू विष्टको आलोचना गर्दै एस आई आर-ले गोर्खा जातिको एउटा नाम समेत काटियो भने राजिनामा दिन्छु भन्ने सांसद राजु बिष्टले दार्जिलिङ जिल्लाबाट ४५००० गोर्खाको नाम काटिन्दा आफ्नो नाम चुपचाप दिल्लीबाट मतिगाडामा सारेको बताएका छन्। आफ्नो मात्रै फायदा  हेर्नेले गोर्खा जातिको कहिले भलो सोच्दैन भनी पनि बन्दना राईले बताएका छन्।

**कोरा-मतदान**

खरसाङ विधानसभा समष्टि अन्तर्गत खरसाङको गौरी शंकर चियाबारीस्थित सार्वजनिक भवनमा रहेको बुथमा कोरामा बसेका एकजना मतदाताले पनि पुगेर भोट गरेको खबर प्राप्त भएको छ। खरसाङको चौकी डाँडा निवासी परिवेश खवासकी आमा बितेको कारण उहाँ कोरामा बसेका छन्। तर यस्तो अवस्थामा पनि देशको नागरिकको रुपमा लोकतान्त्रिक प्रणाली अनुसार एकजना मतदाताको रुपमा मतदान केन्द्र पुगेर आफ्नो मताधिकारको प्रयोग गरेका छन्। उहाँले लोकतान्त्रिक प्रणाली अनुसार एकजना मतदाताको रुपमा यस विषम परिस्थितिमा पनि आफ्नो मताधिकारको प्रयोग गरेर एक उदाहरण प्रस्तुत गरेका छन्।

**अमित शाह-बंगाल**

राज्यमा विधानसभा चुनावको पहिलो चरणको मतदान बीच केंद्रीय गृह मंत्री अमित शाहले आज बिहान कोलकाताको सॉल्ट लेक स्थित भारतीय जनता पार्टी (भाजपा) का प्रदेश कार्यालयको भ्रमण गर्नुभयो। सूत्र अनुसार, अमित शाहले कार्यालयमा विभिन्न विभागहरुको भ्रमण गरी चुनाव प्रबंधन, बूथ स्तरका तैयारीहरु अनि संगठनको कार्यप्रणालीको समीक्षा गर्नुभयो। यस अवधि उहाँले पार्टी पदाधिकारीहरु, कार्यकर्ताहरु अनि विभिन्न एकाईहरुका सदस्यहरुसित बैठक गरी उनीहरुका कार्यहरुको जानकारी लिनुभयो।

**********